मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १६ गते शनिबार ❑ 30 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्बको बजेट

**रासस**
काठमाडौं, १५ जेठ

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल रु २१ खर्ब २४ अर्ब ३४ करोड बजेट विनियोजन गरेको छ।

सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुहुँदै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले कुल विनियोजनमध्ये चालुतर्फ रु १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् ५९ दशमलव आठ प्रतिशत बजेट विनियोजन भएको बताउनुभयो।



पुँजीगततर्फ रु चार खर्ब ३१ अर्ब १० करोड अर्थात् कुल विनियोजनको २० दशमलव तीन प्रतिशत विनियोजन गरिएको छ। वित्तीय व्यवस्थातर्फ रु चार खर्ब २२ अर्ब ६४ करोड अर्थात् कुल विनियोजनको १९ दशमलव नौ प्रतिशत रहेको छ। यो खर्च अनुमान चालु आवको संशोधित अनुमानको तुलनामा करिब २५ प्रतिशतले बढी हो। आगामी आवका लागि अनुमान गरिएको खर्च व्यवस्थापन गर्न राजस्वबाट रु १४ खर्ब पाँच अर्ब ३१ करोड तथा वैदेशिक अनुदानबाट रु ६१ अर्ब ७४ करोड प्राप्त हुने अनुमान गरिएको छ। यसबाट अपुग हुने रु छ खर्ब ५७ अर्ब २९ करोडमध्ये विदेशी ऋणबाट रु दुई खर्ब ४७ अर्ब २८ करोड परिचालन गरिनेछ। राजस्व तथा वैदेशिक सहायता परिचालनबाट अपुग हुने रु चार खर्ब १० अर्ब आन्तरिक ऋणमार्फत व्यवस्थापन गरिनेछ। आगामी आव रु दुई खर्ब ४५ अर्ब ८९ करोड आन्तरिक ऋणको साँवा भुक्तानी हुने भएकाले खुद रु एक खर्ब ६४ अर्ब ११ करोड मात्र आन्तरिक ऋण परिचालन हुने अनुमान गरिएको छ। वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थाअनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार आगामी आव प्रदेश सरकारका लागि रु ६१ अर्ब ५० करोड तथा स्थानीय तहका लागि रु ९० अर्ब २० करोड वित्तीय समानीकरण अनुदान उपलब्ध गराइनेछ।

प्रदेश तथा स्थानीय तहमा पूर्वाधार आयोजना कार्यान्वयनका लागि क्रमशः रु चार अर्ब ६० करोड तथा रु ८ अर्ब ९३ करोड समपूरक अनुदान उपलब्ध गराइनेछ। प्रदेश तथा स्थानीय तहका लागि क्रमशः रु तीन अर्ब ८२ करोड तथा रु नौ अर्ब ४० करोड विशेष अनुदान विनियोजन गरिएको छ।

सङ्घीय सरकारका आयोजना कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहमा क्रमशः रु ४९ अर्ब ७२ करोड तथा रु दुई खर्ब छ अर्ब आठ करोड सशर्त अनुदान वितरण गरिनेछ।

प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँटबाट कुल रु एक खर्ब ७५ अर्ब हस्तान्तरण हुने अनुमान गरिएको छ। आगामी आव राजस्व बाँडफाँट, रोयल्टी तथा वित्तीय हस्तान्तरणमार्फत प्रदेश तथा स्थानीय तहमा रु छ खर्बभन्दा बढी स्रोत परिचालन हुने प्रक्षेपण गरिएको छ।

## नागरिकका जीवनमा सार्थक परिवर्तन ल्याउनुपर्छ : प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले गणतन्त्र व्यवस्था परिवर्तनमात्र नभई राज्य सञ्चालनको पद्धति र नागरिकको जीवनस्तरमा सकारात्मक रुपान्तरण ल्याउनुपर्ने बताउनुभएको छ।




१९औँ गणतन्त्र दिवसका अवसरमा शुक्रबार गण्डकी प्रदेश सरकारद्वारा पोखरामा आयोजित विशेष समारोहमा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुँदै जाँदा नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा हुँदै जाने विश्वास व्यक्त गर्नुभयो।

"संविधानले निर्दिष्ट गरेअनुरुप समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै सुशासनसहितको राज्य सञ्चालनका पक्षमा दृढतापूर्वक उभिन जरुरी छ", प्रमुख भट्टले भन्नुभयो, "जनताको त्याग, बलिदान र उत्सर्गबाट प्राप्त यो ऐतिहासिक उपलब्धिको रक्षार्थ सबैले आआफ्नो तहबाट जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न आवश्यक छ।" बिनाभेदभाव सबै नागरिकलाई समान हक, समान अवसर र समान हैसियत प्रदान गर्ने संवैधानिक सुनिश्चितता हुन सक्नु गणतान्त्रिक व्यवस्थापको गौरवको विषय रहेको उहाँले बताउनुभयो। मुलुकको भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय मेलमिलाप तथा एकतालाई सुदृढ गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। प्रदेश प्रमुख भट्टले ऊर्जावान युवाशक्तिलाई स्वदेशमै रोजगारी र उद्यमशीलताको वातावरण तयार गर्नु आजको प्रमुख आवश्यकता रहेको बताउनुभयो। समारोहमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पछिल्लो समय गणतन्त्रलगायत राजनीतिक उपलब्धिलाई कमजोर पार्ने प्रयास भएको भन्दै त्यसलाई रोक्नुपर्ने धारणा राख्नुभयो। गणतन्त्रले नागरिकका जीवनमा सार्थक र सकारात्मक परिवर्तन ल्याउनुपर्ने उहाँको भनाइ छ। गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले गणतन्त्रीवादी शक्तिहरूबीच एकता र सहकार्यमा जोड दिनुभयो। उहाँले गणतन्त्रलाई थप सुदृढ र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। पूर्वमुख्यमन्त्री एवं नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारीलेगणतन्त्रकाउपलब्धिलाई जरैदेखि बलियो र संस्थागत गर्नुपर्ने बताउनुभयो। विपक्षी दलका नेता हरिबहादुर चुमानले न्याय, समानता र स्वतन्त्रताका लागि गणतन्त्रीवादीहरूले ठूलो त्याग र बलिदान गरेको बताउनुभयो। राज्यले सामाजिक न्याय र समावेशी विकासमा जोड दिनुपर्ने उहाँको भनाइ छ। उक्त समारोहमा उत्कृष्ट शिक्षक, कृषक, समाजसेवी, पत्रकार, व्यवसायी, घरबास सञ्चालकलगायतलाई सम्मान गरिएको थियो।

## गण्डकी केन्द्रीत पूर्वाधार, पर्यटन र खेलकुदमा बजेटको विशेष प्राथमिकता

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत गण्डकी प्रदेशलाई पर्यटन, पूर्वाधार, धार्मिक करिडोर र खेलकुद विकासको केन्द्रका रूपमा अघि बढाउने गरी महत्वाकांक्षी योजना अघि सारेको छ।

नेपाल सरकारका अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले संघीय संसदमा बजेट प्रस्तुत गर्दै पोखरा सहित गण्डकी प्रदेश केन्द्रित केही योजना घोषणा गर्नुभएको हो।

बजेटमा गण्डकी चतुरभुज अवधारणाअन्तर्गत लुम्बिनी, चितवन, कोरला नाका र त्रिवेणीधामलाई जोड्ने धार्मिक, पर्यटन तथा व्यापारिक नेटवर्क विकासलाई प्राथमिकतामा राखिएको छ। सिद्धार्थ राजमार्गलाई अन्तर्राष्ट्रिय स्तरको द्रुतमार्गका रूपमा विकास गर्दै सिद्धबाबा सुरुङमार्ग आगामी वर्षभित्र सञ्चालनमा ल्याइने भएको छ।

पोखरा-काठमाडौं तथा सिद्धार्थ राजमार्गको स्तरोन्नतिलाई विशेष प्राथमिकता दिइएको छ भने पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनीदेखि पोखरासम्म चार लेन सडक निर्माण शीघ्र सम्पन्न गरिने जनाइएको छ। नागढुंगा-मुग्लिङ सडकखण्डको ४० किलोमिटर स्तरोन्नति गरिने र नागढुंगा सुरुङमार्ग आगामी साउनदेखि सञ्चालनमा ल्याइने घोषणा गरिएको छ। यी आयोजनाका लागि ६ अर्ब ५५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको अर्थमन्त्री वाग्लेले जानकारी दिनुभयो।

पर्यटन प्रवर्द्धनतर्फ सरकारले लुम्बिनीदेखि मुक्तिनाथसम्म धार्मिक तथा सांस्कृतिक मार्गका रूपमा "निर्वाण पथ" विकास गर्ने भएको छ। मुक्तिनाथ, कागबेनी, दामोदरकुण्ड, देवघाट, रिडी र त्रिवेणीधामलाई जोड्दै "शालिग्राम पथ" निर्माणको योजना अघि सारिएको छ। साथै मनाङ, मुस्ताङ र म्याग्दीका हिमाली क्षेत्रलाई ध्यान, योग, साधना र आरोग्य पर्यटनसँग जोडेर विकास गरिने उल्लेख छ। पोखरा अन्तर र्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि निजी क्षेत्रसँग सहकार्य गरिने सरकारले जनाएको छ। रारातालदेखि मुक्तिनाथसम्म जोड्ने पर्यापर्यटन कार्यक्रम सञ्चालन गरिने भएको छ। खेलकुद पूर्वाधार विकासमा पनि गण्डकी प्रदेशले प्राथमिकता पाएको छ। पोखरासहित प्रमुख शहरमा दुई हजार दर्शक क्षमताका मल्टिपर्पोज इन्डोर हल निर्माण गरिनेछ भने आगामी तीन वर्षभित्र देशका १० स्थानमा फ्लडलाइट सहित आठ हजार क्षमताका फुटबल रंगशाला निर्माण गरिने भएको छ। पोखरासहित आठ प्रमुख शहरमा आधुनिक क्रिकेट रंगशाला निर्माण गर्ने योजना पनि बजेटमा समावेश गरिएको छ। यस्तै गण्डकी प्रदेशका मध्यपहाडी क्षेत्रमा साइकल ट्रेल निर्माणको योजना अघि सारिएको छ। कास्कीको लिपेनी-थुम्सीकोट-भाचोक हुँदै करापुसम्म तथा तनहुँको व्यास-बन्दीपुर-देवघाट क्षेत्र जोड्ने साइकल रुट परीक्षणका रूपमा निर्माण गरिने जनाइएको छ।

सरकारले कालीगण्डकी करिडोरअन्तर्गत २१ किलोमिटर सडक कालोपत्रे गर्ने योजना पनि अघि सारेको छ। साथै कोरला नाकासम्मको पहुँच विस्तार गरी गण्डकी प्रदेशलाई उत्तर-दक्षिण व्यापार र पर्यटनको केन्द्र बनाउने लक्ष्य लिइएको छ। यस वर्षको बजेटले गण्डकी प्रदेशलाई धार्मिक पर्यटन, खेलकुद, सडक पूर्वाधार, अन्तर्राष्ट्रिय हवाई सेवा तथा साहसिक पर्यटनको हबका रूपमा विकास गर्ने स्पष्ट संकेत गरेको छ।

## पौडी खेल्ने क्रममा बालकको ज्यान गयो

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

पोखरामा पौडी खेल्ने क्रममा खोलामा डुबेर एक बालकको ज्यान गएको छ।

पोखरा महानगरपालिका-१७ छोरेपाटनस्थित फुस्रे खोलामा मंगलबार पौडी खेल्ने क्रममा डुबेका १२ वर्षीय स्वहेन नेपालीको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

पोखरा-१८ ड्यामसाइड निवासी स्वहेन दिउँसो करिब साढे ११ बजे साथीहरूसँग पौडी खेल्ने क्रममा खोलामा डुवेर बेपत्ता हुनु भएको थियो। घटनाबारे सूचना प्राप्त भएपछि सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ गण हेडक्वार्टर कालिका कास्कीबाट उद्धार टोली परिचालन गरिएको थियो।

सशस्त्र प्रहरी निरीक्षक बिनोद पौडेलको कमाण्डमा खटिएको गोताखोर सहितको टोलीले खोजी गर्ने क्रममा करिब २० फिट गहिराइबाट बालकलाई अचेत अवस्थामा बाहिर निकालेको थियो।

## समझदारीमा पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई सञ्चालनमा ल्याइने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

सरकारले निजी क्षेत्रको साझेदारीमा पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई सञ्चालनमा ल्याउने भएको छ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार सङ्घीय संसद्को दुवै सदनलाई आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) पेस गर्दै पोखरा र गौतमबुद्ध विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थापन अघि बढाइने बताउनुभयो।

अर्थमन्त्री डा वाग्लेले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको स्तरोन्नतिका लागि रु एक अर्ब ५३ करोड विनियोजन गरिएको जानकारी दिनुभयो।

यसैगरी, निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माणको ढाँचा आगामी ६ महिनाभित्र तय गरिने, चितवनको भरतपुर विमानस्थल विस्तार गरी रात्रिकालीन उडानको व्यवस्था गरिने र सुर्खेत, मुगुको ताल्चा र दाङको टरिगाउँ विमानस्थलको स्तरोन्नति गरिने मन्त्री वाग्लेले बताउनुभयो। सरकारले ऐतिहासिकस्थलकोविकासअन्तर्गत तिलौराकोट, देवदह, कपिलवस्तु र रामग्राम जस्ता ऐतिहासिक स्थलको बृहत्तर पूर्वाधार विकास गरिने बताएको छ। बृहत्तर लुम्बिनी विकास कार्यक्रमका लागि रु ८३ करोड विनियोजन गरिएको छ।

यस्तै, हाई अल्टिच्युट सिकनेस सेवा सञ्चालन, आयुर्वेद र योगालाई स्वास्थ्य पर्यटनसँग जोड्न लक्ष्यसमेत लिएको छ। सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका लागि कुल १० अर्ब २७ करोड रुपैयाँ विनियोजन गरेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कोरलानाकाबाट एक सातामा ६१४ विद्युतीय सवारी नेपाल भित्रिए

पोखरापत्र संवाददाता
मुस्ताङ, १५ जेठ

एकसातामा नेपाल-चीन उत्तरी कोरलानाका हुँदै चिनियाँ कम्पनीका ६१४ वटा विद्युतीय सवारीसाधन (इभी) नेपाल भित्रिएका छन् ।

कोरलानाकास्थित लोमन्थाङ गाउँपालिका-१ न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालयका अनुसार यही ७ जेठदेखि १५ गतेसम्म कोरलानाका हुँदै नेपालतर्फ ६१४ वटा इभी नेपाल भित्रिएका हुन् ।

भन्सार कार्यालयका प्रमुख विदुर चुँडालका अनुसार कोरलानाका हुँदै चीनबाट पैठारी गरिएका विद्युतीय सवारसाधनमध्ये ६१४ वटा इभीको भन्सार जाँचपास भइसकेको छ । नेपाल भित्रिएर भन्सार जाँचपास भइसकेका विद्युतीय सवारीसाधन बिवाइडी कम्पनीको रहेका उहाँले जानकारी दिनुभयो ।

चिनियाँ कम्पनीमार्फत बनेका त्यस्ता विद्युतीय सवारीसाधन कति संख्यामा नेपाल भित्रँदैछन् भन्ने यकीन जानकारी प्राप्त नभएको भन्सार प्रमुख चुँडालले



बताउनुभयो । "हिउँदयामपछि पहिलो चरणमा नाकाबाट इभी भित्रिन थालेका छन्, अझै ठूलो सङ्ख्यामा यहाँबाट इभी नेपाल भित्रिने जानकारी पाएका छौँ", उहाँले भन्नुभयो, "बिवाइडीले कति वटा इभी नेपाल भित्र्याउँदैछ भन्ने जानकारी छैन, नेपाल भित्रिएका कतिपय विद्युतीय सवारी भन्सार जाँचपासको चरणमा छन् ।"

कोरलानाकाबाट भित्रिएका इभीको भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेका लोमान्थाङ हुँदै जोमसोम झर्ने क्रममा रहेका भन्सार प्रमुख चुँडालले जानकारी दिनुभयो । एकसतामा भन्सार जाँचपास भएका करिब २०० भन्दाबढी विद्युतीय सवारीसाधन मुस्ताङको जोमसोम आइपुगेका छन् । नाकाबाट भित्रिएका सवारसाधनमध्ये घरपझोङ-४ जोमसोमस्थितसार्वजिकबसपार्कमा पार्किङ गरी चार्जिङका लागि रोकिएका उहाँले बताउनुभयो ।

नेपाल-चीन कोरलानाकाबाट भित्रिएका इभीका लागि चार्जिक स्टेसन कम हुँदा 'होल्डिङ' गरी बस्नुपर्ने अवस्था रहेको भन्सार प्रमुख चुँडालको भनाइ छ । उहाँका अनुसार उपल्लो मुस्ताङको चराङमा एक र जोमसोममा दुई वटा विद्युतीय सवारी चार्जिङ स्टेसन सञ्चालनमा रहेका छन् ।

नेपाल-चीन उत्तरी कोरलानाका गत भदौ ३१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा ल्याइएको हो । तातोपानी नाका र रसुवागढी नाकाको विकल्पमा प्रयोग गरिएको यसनाका पूर्ण रूपमा सञ्चालनमा आएसँगै चीनतर्फ निकासी तथा पैठारी कारोबार वृद्धि भएको भन्सार प्रमुख चुँडालले जानकारी दिनुभयो । उहाँका अनुसार कोरलानाकाबाट गत पुस मसान्तसम्म दुई हजार ३२९ वटा इभी नेपाल भित्रिएका छन् ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख चुँडालका अनुसार गत भदौ ३१ गतेदेखि वैशाखसम्म यो नाका हुँदै निकासी तथा पैठारीबाट भन्सार राजस्व रु पाँच अर्ब ७८ करोड छ लाख सङ्कलन भएको छ । कोरलानाकाबाट विद्युतीय सवारीसाधनसहित अन्य सामानको चीनतर्फ निकासी तथा पैठारी हुँदा स्थानीय युवाले वैकल्पिक रोजगारी प्राप्त गरेका उहाँको भनाइ छ । चीनबाट भित्रिने इभी तथा मालबाहक कन्टेनर सीमावर्ती स्थानीय चालकले चलाउने गर्दा स्थानीय युवाले रोजगारी पाएका उहाँले उल्लेख गर्नुभयो ।

# अन्नपूर्णको फेदीमा ७६औँ आरोहण दिवस

पोखरापत्र संवाददाता
म्याग्दी, १५ जेठ

अन्नपूर्ण हिमालको फेदीमा रहेको नारच्याङमा आगामी हप्ता ७६औँ आरोहण दिवस मनाउने तयारी भएको छ ।

म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा विविध कार्यक्रमका साथ आरोहण दिवस मनाउन लागिएको हो । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका वडाध्यक्ष लोकबहादुर पुनले आधार शिविरदेखि नारच्याङ दौड प्रतियोगिता, हुमखोला-आधार शिविर पदमार्ग र सांस्कृतिक कार्यक्रम आयोजना गरेर दिवस मनाउने तयारी गरेको जानकारी दिनुभयो । विजेतालाई रु एक लाख र उपविजेतालाई रु ६० हजार पुरस्कार राशिको आधार शिविर-नारच्याङ ३६ किलोमिटर दूरीमा पुरुष महिला खुला दौड प्रतियोगिता आयोजना गरिएको छ। यही जेठ १७ गते नारच्याङदेखि हुमखोला हुँदै आधार शिविर जाने पदयात्रा र दौडमा सहभागी टोली २० गते फर्किएपछि सांस्कृतिक कार्यक्रमसहित आरोहण दिवस समापन गर्ने तय भएको छ। आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाको रूपमा आज विविध कार्यक्रम गरी अन्नपूर्ण आरोहण दिवस मनाउन लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

"दिवस मनाउनका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन गरेको छ", उहाँले भन्नुभयो, "यसअघि काठमाडौँ, पोखरा र कास्कीको भूगोलमा पर्ने आधार शिविरमा मनाइने अन्नपूर्ण आरोहण दिवस गत वर्षदेखि सम्बन्धित भूगोलमा मनाउन थालिएको थियो ।"

समुद्री सतहदेखि चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविर पछिल्लो समय आन्तरिक पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकास भएको छ । पदमार्ग, पूर्वाधार निर्माण, खानेबस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि छोटो दूरीमा सहजै पदयात्रामा पुगिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको मौरिस हर्जोग पदमार्गका अभियान्त तेज गुरुङले बताउनुभयो ।

नारचयाङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूत स्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको शेर्पा अल्पाइन ट्रेकिङका पथप्रर्दशक लाक्पा आङ्वु शेर्पाले बताउनुभयो । अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ । नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र 'मौरिस हर्जोग' नामकरण गरेको थियो ।

# गणतन्त्रलाई थप सुदृढ र प्रभावकारी बनाउनुपर्नेमा मुख्यमन्त्री पाण्डेको जोड

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सुशासन, विकास, रोजगारी, सामाजिक न्याय र आर्थिक समृद्धिमार्फत गणतन्त्रलाई थप सुदृढ र प्रभावकारी तथा जनमुखी बनाउनुपर्नेमा जोड दिनु भएको छ।

गणतन्त्र दिवस २०८३ का अवसरमा प्रदेश सरकारले शुक्रबार पाखेरामा आयोजना गरेको समारोहमा वोल्दै मुख्यमन्त्री पाण्डेले नेपाललाई सबल, आत्मनिर्भर तथा समाजवादउन्मुख अर्थतन्त्रसहितको विकसित राष्ट्रका रूपमा अघि बढाउन सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने बताउनु भयो । संघीय लोकतान्त्रिक गणतन्त्रले नेपाली नागरिकलाई अधिकार, स्वतन्त्रता र समावेशी शासन व्यवस्थाको अनुभूति दिलाएको उल्लेख गर्दै उहाँले अब जनअपेक्षाअनुसार




सुशासन र विकासलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याउनु भयो । संघीय शासन व्यवस्थाको अभ्यासमा गण्डकी प्रदेश सरकारले विकास, नीति, पारदर्शिता र जनविश्वास सुदृढ गर्ने काम गरिरहेको दाबी गर्दै मुख्यमन्त्री पाण्डेले भन्नुभयो "नागरिकले देख्ने, सुन्ने र महसुस गर्ने गरी प्रदेश सरकारले आफूलाई स्थापित गर्दै आएको छ, प्रदेशको खर्च कटौति कर्मचारी व्यबस्थापनको सुरुवात हामीले केही समय अघिबाटै सुरुवात गरेका थियौं ।" देशमा देखिएका समस्या समाधानका लागि नकारात्मकता भन्दा सकारात्मक सोच, आत्मविश्वास र सामूहिक प्रयत्न आवश्यक रहेको उहाँले जनाउनु भयो । मुख्यमन्त्री पाण्डेले संविधानले व्यवस्था गरेका शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, खानेपानी, सरसफाइ र पर्यावरणजस्ता मौलिक हकलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न गणतन्त्र दिवसले सबैमा नयाँ उत्साह थप्ने विश्वास व्यक्त गर्नुभयो । मुख्यमन्त्री पाण्डेले लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै आन्दोलनका क्रममा बेपत्ता, घाइते तथा अपाङ्गता भएका नागरिकहरूको योगदानको प्रंशम्सा गर्नुभयो ।

गण्डकी प्रदेश सरकारको आयोजनामा सम्पन्न गणतन्त्र दिवस कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण निकाय र सहभागीप्रति आभार व्यक्त गर्दै उहाँले गणतन्त्र दिवस २०८३ ले राष्ट्रिय एकता, सकारात्मक सोच र समृद्ध नेपाल निर्माणका लागि नयाँ ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । साथै शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पाण्डेले जनताको जीवनमा सार्थक र सकारात्मक परिवर्तन ल्याउनु नै गणतन्त्रको वास्तविक कार्यभार भएको उल्लेख गर्नुभयो ।

# उज्वल आमा समूहमा नयाँ कार्यसमिति

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

पोखरा महानगरपालिका वडा नं ३२ राधाकृष्ण टोलस्थित उज्वल आमा समूहको २२ औं साधारणसभा एवम् दशौं अधिवेशनले भीमकुमारी खत्रीको अध्यक्षतमा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

समितिको उपाध्यक्षमा कुमारी ढुङ्गाना, सचिवमा पार्वती कुँवर, कोषाध्यक्षमा शारदा खत्री र सदस्यमा सुजन गुरुङ निर्वाचित बन्नुभएको छ ।

त्यस्तै सल्लाहाकारहरूमा जमुना गिरी भुजेल, नेत्रबहादुर क्षेत्री र लक्ष्मी ढुङ्गाना रहनुभएको छ । यस अघि अधिवेशनको उद्घाटन नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि एवम् युवा




समाजसेवी मोहनकुमार प्रधानले गर्नुभएको थियो । समाजको विकासका लागि महिलाहरूको एकतावद्ध प्रयास आवश्यक भएको बताउँदै उहाँले आमा समूहको सकृयतामा गरिने हरेक सामाजिक कार्यमा आफ्ना तर्फबाट साथ र सहयोग हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

समूहका अध्यक्ष जमुना गिरीको अध्यक्षता एवम् संगीता खतिवडाले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष निशा पौडेलले गर्नुभएको थियो ।

कार्यक्रममा राधाकृष्ण बृद्धाश्रमका पूर्व अध्यक्ष प्रेमलिगल, कोषाध्यक्ष शिवबहादुर थापा, शिक्षासेवी हरिचन्द्र अधिकारी, राधाकृष्ण टोल सुधार समितिका अध्यक्ष नेत्र सुवेदी, आमा समूहका पूर्व अध्यक्ष लक्ष्मी ढुङ्गाना, सल्लाहकार प्रभा पौडेल सुवेदी, माया क्षेत्री, चन्द्रबहादुर सुवेदी लगायतले बोल्नुभएको थियो । कार्यक्रममा विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो ।

# लेकसिटी कलेजमा स्नातक विद्यार्थीको सम्मानमा विदाइ कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

लेकसिटी कलेज एण्ड रिसर्च सेन्टर पोखराले स्नातक तह अध्ययन पूरा गरेका विद्यार्थीहरुको सम्मानमा एक कार्यक्रम आयोजना गरि विदाइ गरेको छ । स्नातक तह तृतीय वर्षको आयोजनामा भएको कार्यक्रममा विद्यार्थीहरुलाई खादा र मायाको चिनोसहित विदाइ गरिएको हो ।

कार्यक्रमका प्रमूख अतिथि तथा कलेज संचालक समितिका अध्यक्ष प्रा. डा. विश्वकल्याण पराजुलीले लेकसिटी कलेज सदैव समय अनुकुल आधुनिक शिक्षा प्रदान गर्ने कुरामा प्रतिवद्ध रहेको बताए । सोही अवसरमा प्रा। डा. पराजुलीले विद्यार्थीहरुलाई समाजको हितका लागि क्रियाशील हुन सुझाव दिए। कार्यक्रमका विशेष अतिथि गण्डकी विश्वविद्यालयका परीक्षा




नियन्त्रक डा. किसन कोइरालाले कक्षाकोठामा सिकेको ज्ञानलाई व्यवहारिक जीवनमा प्रयोग गर्नुपर्नेमा जोड दिए । विद्यार्थीले आगामी दिनमा आउने चुनौतिहरुको सामना नआत्तिकन गर्न सक्षम हुने विश्वास पनि उनले व्यक्त गरे । सो अवसरमा क्याम्पस प्रमुख नारायण कुमार श्रेष्ठले कलेजका गतिविधिमाथि प्रकाश पारेका थिए । शैक्षिक, सामाजिक र खेलकूद लगायतका अतिरिक्त क्रियाकलापमा लेकसिटीका विद्यार्थीले महत्वपूर्ण उपलब्धी हासिल गरिरहेको उनको भनाइ थियो । कार्यक्रममा स्नातक तह अध्ययन पूरा गरेका विद्यार्थीद्धय सम्झना भट्टराई र टेक गुरुङले लेकसिटीमा अध्ययन गर्दाका क्षणहरुको स्मरण गरेका थिए । उनीहरुले कलेज जीवनमा सिकेका ज्ञान र सीप महत्वपूर्ण रहेको बताए । कलेजमा बिएएसडब्लु चौथो वर्षमा अध्ययनरत विद्यार्थी आयुष मल्लको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रमको संचालन बिएएसडब्लु चौथो वर्षमा अध्ययनरत विद्यार्थीद्धय आशिका सुवेदी र सृष्टी परियारले गरेका थिए ।

कार्यक्रममा कलेजको खेलकूद प्रतियोगितामा विजयी विद्याथीहरुलाई मेडल र सम्मानपत्र प्रदान गरिएको थियो। सोही अवसरमा कलेजलाई खेलकूदका माध्यमबाट पहिचान दिलाउन सफल स्नातक तह पूरा गरेका विद्यार्थी सुलभ पुनलाई कदरपत्र सहित सम्मान गरिएको थियो । विदाइ कार्यक्रम आयोजक मानविकी र व्यवस्थापनतर्फ स्नातक तह तेस्रो वर्षका विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुतिका रुपमा नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा कलेजमा अध्यापनरत प्राध्यापकहरुले विद्यार्थीहरुलाई टिका, खादा र मायाको चिनो प्रदान गरेर सम्मान गरेका थिए । कलेजले शैक्षिक गतिविधिका अलावा अध्ययनरत विद्यार्थीलाई सहभागी गराएर विभिन्न कार्यक्रम वार्षिक रुपमा गर्दै आइरहेको जनाएको छ । रक्तदान, वृक्षरोपण, शैक्षिक भ्रमण तथा अवलोकन जस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ । लेकसिटीस्थित सामाजिक विज्ञान केन्द्रले विभिन्न विषयमा मौलिक प्रस्तुतिका रुपमा हरेक महिना कचहरी कार्यक्रम गर्दै आएको छ । कलेजले स्नातक तहमा व्यवस्थापन तर्फ बीबीएस र मानविकी तर्फ पत्रकारिता तथा आमसञ्चार, समाजशास्त्र, अंग्रेजी साहित्य र बिएएसडब्लु (समाजसेवा) विषयमा पठनपाठन गर्दै आएको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त लेकसिटी कलेज २०६४ मा स्थापना भएको हो । हाल कलेजमा तीन सय ५० विद्यार्थी अध्ययनरत छन् ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कृषकको सम्मानलाई राज्यले प्राथमिकता दिनुपर्छ : राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, १५ जेठ

राष्ट्रपति रामचन्द्र पौडेलले कृषकको सम्मानलाई राज्यले नै प्राथमिकता दिनुपर्ने बताउनुभएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयद्वारा शुक्रबार यहाँ आयोजित राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम २०८२ लाई सम्बोधन गर्दै उहाँले सो धारणा व्यक्त गर्नुभएको हो। "किसानको मुस्कानमा राष्ट्रको खुसी लुकेको हुन्छ अनि किसानको प्रगतिमा देशको समृद्धि गासिएको हुन्छ, तसर्थ परिवर्तित सन्दर्भमा कृषकको सम्मानलाई राज्यले नै प्राथमिकता दिनुपर्दछ", उहाँले भन्नुभयो। मुलुकको समृद्धिको प्रमुख आधार नै कृषि भएको र किसान राष्ट्रका गहना हुन् भन्दै उहाँले कृषि क्षेत्रलाई जीविकोपार्जन मात्र नभएर राष्ट्र निर्माणको प्रमुख आधारशीलाका रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो। "यसका लागि श्रम गर्ने संस्कृतिको विकास गर्नुपर्दछ, किसानको मेहनत, पसिना र समर्पणले नै देशको अर्थतन्त्र चलायमान बनेको छ", राष्ट्रपति पौडेलले भन्नुभयो। उहाँले राज्य, निजी क्षेत्र तथा सम्पूर्ण सरोकारवाला निकाय एकताबद्ध भएर कृषिमा लगानी, प्रविधि, बजारीकरण तथा युवा सहभागिता अभिवृद्धि गर्न अग्रसर




हुनुपर्ने खाँचो औंल्याउनुभयो। "युवाशक्तिको ऊर्जा, आधुनिक प्रविधिको प्रयोग र राज्यको दूरदर्शी नीतिसँगै कृषि क्षेत्रलाई उत्पादन, रोजगारी र समृद्धिको मूल आधार बनाउनुपर्छ, यसका लागि कृषकको सम्मान, कृषि पेसाको संरक्षण तथा आधुनिकीकरण आजको आवश्यकता हो", राष्ट्रपति पौडेलले भन्नुभयो। राष्ट्र निर्माणको आधारस्तम्भ तथा राष्ट्रको समृद्धिका सम्वाहक कृषकलाई सम्मान गर्न पाउँदा आफूलाई हर्ष अनुभूति भएको उहाँको भनाइ थियो। साथै, कृषकको मेहनत, सीप र पौरखले देश समृद्ध बन्छ, यो राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रमले कृषि पेसालाई सम्मानित पेसाका रूपमा स्थापित गर्न योगदान पुऱ्याएको उहाँले बताउनुभयो। "कृषिलाई सम्मानित, व्यावसायिक र आत्मनिर्भर क्षेत्रका रूपमा विकास गर्नसके मात्र देश निर्माणको सपना साकार हुने मैले ठानेको छु", उहाँले भन्नुभयो। उहाँले राजनीतिक परिवर्तनपछिको मुलुकको आवश्यकता भनेको आर्थिक समृद्धि नै भएको र कृषि, जलस्रोत पर्यटन, पूर्वाधार, सूचनाप्रविधि र उद्योगधन्दाको विस्तार नै मुलुक विकासको आधार हो भन्नुभयो।

राष्ट्रपति पौडेलले बदलिँदो परिवेशमा युवा जनशक्तिलाई नेपालमै रोजगारीको अवसर सृजना गर्ने क्षेत्र भनेकै कृषि भएको र कृषि नै उद्योगको कच्चा पदार्थको स्रोत भएकाले यो क्षेत्रको विकास गर्न राज्यले योजनाबद्ध रूपमा नीति तथा कार्यक्रमहरू ल्याउनु पर्दछ भन्नुभयो। उहाँले कृषि व्यवसायलाई प्राथमिकतामा राखी युवा उद्यम केन्द्रित कार्यक्रम सञ्चालन गर्न प्रोत्साहान गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सोह्रौँ योजनाले निर्दिष्ट गरेको लक्ष्य हासिल गरी देशलाई समृद्धितर्फ अग्रसर बनाउन राज्यले कृषि क्षेत्रको समस्या र चुनौतीको पहिचान गर्नुपर्दछ भन्नुभयो। "यसमा लगानीको सुनिश्चितता गर्न सस्तो व्याजदरमा कृषि कर्जाको व्यवस्था गर्न आवश्यक छ, मुलुकमा उत्पादन र रोजगारी वृद्धि गरी आयात घटाउने तथा निर्यात बढाउनेतर्फ सरकार, नीतिनिर्माता तथा योजनाविद् र सरोकारवाला निकायबाट विशेष कार्यक्रम ल्याउन जरुरी छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

विदेशबाट फर्किएका युवालाई उनीहरूले सिकेको सीप प्रयोग गर्नेगरी कृषितर्फ आकर्षित गर्न लगानीमैत्री वातावरण सृजना गर्न सरकार र निजी क्षेत्रले चासो दिनुपर्दछ भन्दै उहाँले कृषकको उपजको बजारीकरण, समयमानै बीउबिजन र मलको आपूर्ति, कृषकको समस्याको पहिचान र त्यसको व्यवस्थापन, नवीनतम औजार उपकरणको पहिचान र व्यवस्था, कृषकलाई सहुलियतपूर्ण कर्जा र कृषि बिमालाई राज्यले प्राथमिकतामा राख्नुपर्ने आजका जल्दाबल्दा विषय भएको उल्लेख गर्नुभयो।

सो अवसरमा राष्ट्रपति पौडेलले देशका विभिन्न भागका १४ जना कृषकलाई जनही दुई लाख रूपैयाँ, प्रमाणपत्रसहित उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्नुभयो।

# लक्ष्यअघि नै योजना सम्पन्न गर्ने कम्पनी पुरस्कृत

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ जेठ

म्याग्दीमा विकास आयोजना समयमै सम्पन्न गर्ने ११ निर्माण कम्पनी तथा व्यवसायीलाई गणतन्त्र दिवस-२०८३ का अवसरमा आज सम्मान गरिएको छ।

जिल्ला प्रशासन कार्यालय म्याग्दीको समन्वयमा पूर्वाधार विकास कार्यालयले सात र खानेपानी, जलस्रोत तथा सिँचाइका लक्ष्यअघि नै सम्पन्न भएका तीन वटा योजनाका सञ्चालकलाई सम्मान गरिएको हो। कालीगण्डकी कोरिडोर सडक आयोजनाले चुनौतीपूर्ण भूगोल र संवेदनशील अवस्थाबीच समेत सफलतापूर्वक सडक निर्माण सम्पन्न गर्ने तातोपानी-घाँसा खण्डको निर्माण कम्पनी शर्मा-गजुरमुखी जेभीलाई सम्मान गरेको छ। पूर्वाधार विकास




कार्यालयले ओमेन अस्कर निर्माण सेवा (मालिका-५, म्याग्दी), रुप्से बिल्डर्स प्रालि (अन्नपूर्ण-३), सोमरस निर्माण सेवा (बेनी नगरपालिका-२), विपीएल बीएसडी डिपी जेभी (टोखा-१०, काठमाडौँ), मङ्गला कन्स्ट्रक्सन प्रालि (मङ्गला-२), मङ्गलादेवी सुवास कन्स्ट्रक्सन प्रालि (सुन्दरादेवी-२, नुवाकोट) र एसएस बिल्डर्स (बेनी नगरपालिका-८) लाई सम्मान गरेको हो।

यसैगरी खानेपानी, जलस्रोत तथा सिँचाइ विकास कार्यालयले रुप्से बिल्डर्स प्रालि (अन्नपूर्ण-३ दाना), महाशक्तिमाया कन्स्ट्रक्सन प्रालि (बेनी नगरपालिका-६) र धौलाश्री निर्माण सेवा (रघुगङ्गा-३ पिप्ले) लाई सम्मान गरिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो।

# अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कार-२०८३ भुपाल गुरुङलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

'अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कार-२०८३' पत्रकार भुपाल गुरुङलाई प्रदान गरिने भएको छ। प्रतिभा छनोट समितिको सिफारिसका आधारमा कान्तिपुर टेलिभिजनमा कार्यरत पत्रकार गुरुङलाई उक्त पुरस्कार प्रदान गर्न लागिएको हो।

पुरस्कारको राशि रु. २५ हजार नगदसहित सम्मानपत्र रहेको छ। आगामी जेठ २० गते घान्द्रुकमा आयोजना हुने अन्नपूर्ण म्याराथनको छैटौं संस्करणको समापन समारोहमा उनलाई सम्मान गरिने आयोजकले जनाएको छ। कास्कीको अन्नपूर्ण गाउँपालिका-घान्द्रुकस्थित अन्नपूर्ण सेन्चुरी पर्यटन समितिद्वारा स्थापित तथा सञ्चालित उक्त पुरस्कार अन्नपूर्ण गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने एक जना पत्रकारलाई हरेक वर्ष जुन ३ अर्थात् अन्नपूर्ण हिमाल आरोहण दिवसका अवसरमा प्रदान गरिन्छ। प्रतिभा छनोट समितिको संयोजकमा नेपाल पत्रकार महासंघ कास्कीका पूर्व उपाध्यक्ष राजबहादुर गुरुङ रहेका थिए। सदस्यहरूमा पत्रकार



तथा आयोजक समितिका कानुनी सल्लाहकार हरिप्रसाद भट्टराई, मिडिया संयोजक पत्रकार टंकराज अधिकारी तथा पदेन सदस्यका रूपमा अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङ र महासचिव दिलिप गुरुङ रहेका थिए। यसअघि उक्त पुरस्कारबाट पत्रकारहरू बासुदेव पौडेल, दीपक परियार, रुपनारायण ढकाल, सन्तोष पोखरेल, रविचन्द्र पराजुली तथा रोहितराज पराजुली सम्मानित भइसकेका छन्। पत्रकार भुपाल गुरुङको जन्म स्याङ्जाको वालिङ नगरपालिका-३ राम्चे (साविक माझकोट शिवालय गाविस-२) मा भएको हो। उनी हाल पोखरा महानगरपालिका-१० अमरसिंह चोकमा बसोबास गर्दै आएका छन्। वि.सं. २०६४ सालदेखि पत्रकारितामा सक्रिय गुरुङ हाल पत्रकारिता विषयमा स्नातकोत्तर अध्ययनरत छन्। उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न तालिमसमेत प्राप्त गरेका छन्।

उनले गोर्खाली रेडियोमा तीन वर्ष, युनाइटेड राष्ट्रिय दैनिकमा पाँच वर्ष सहसम्पादक, सगरमाथा टेलिभिजनमा गण्डकी प्रदेश प्रमुखका रूपमा नौ वर्ष तथा विगत आठ वर्षदेखि कान्तिपुर टेलिभिजनमा कार्यरत रही पत्रकारिता गरिरहेका छन्। पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएबापत गुरुङ विभिन्न सम्मान तथा पुरस्कारबाट सम्मानित भइसकेका छन्। उनले क्याप्टेनरुद्रमानस्मृतिग्रामीणपर्यटन पत्रकारिता पुरस्कार-२०७६, टंकदेवी तुलसीप्रसाद पत्रकारिता पुरस्कार-२०७८, नेपाल हवाई खेलकुद संस्था पत्रकारिता पुरस्कार-२०७९ तथा पूर्वप्रधानसेनापति छत्रमानसिंह गुरुङ तथा श्रीमती कमला गुरुङ पत्रकारिता पुरस्कार-२०७९ लगायतका पुरस्कार प्राप्त गरेका छन्। हाल उनी नेपाल पत्रकार महासंघ कास्कीका जिल्ला सचिव रहेका छन्। साथै आदिवासी जनजाति पत्रकार महासंघ, संसदीय पत्रकार मञ्च गण्डकी, नेपाल प्रेस युनियन, चलचित्र पत्रकार संघ लगायत विभिन्न संस्थामा आबद्ध छन्।

# अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल शनिबार सेमिफाइनलका खेलहरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

पोखरामा जारी पाँचौं संस्करणको अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल प्रतियोगिता अर्न्तगत शनिबार दुई वटा सेमिफाइनल खेलहरु हुने भएका छन्।

शनिबार बिहान ८:०० बजे पहिलो सेमिफाइनल खेलमा एल.पी. देवकोटा मेमोरियल स्कुल र ढुङ्गेसाँघु बोर्डिङ स्कुल बिच प्रतिष्प्रर्धा हुने भएको हो।

दोस्रो खेल बिहान ९:३० बजे बालोदय बोर्डिङ स्कुल र स्पाइरल ग्यालेक्सी स्कुल बीच हुने भएको म्याच कमिस्नर गोपाल थापाले बताउनु भयो। शुक्रबार सम्पन्न क्वार्टर फाइनल खेलमा जित हासिल गरेका ३ वटा बिद्यालय एल.पी.देवकोटा मेमोरियल स्कुल, ढुङ्गेसाँघु बोर्डिङ स्कुल र बालोदय बोर्डिङ स्कुल सेमिफाइनलमा यात्रा बनाएका हुन। शुक्रबारको खेलमा एल.पी. देवकोटा मेमोरियल स्कुलले शिशु निकेतन स्कुललाई टाईब्रेकरमा ५–४ को गोल अन्तरले पराजित गऱ्



यो। २५/२५ मिनेटको निर्धारित समयमा दुबै तर्फ एक/एक गोल भए पछि खेल टाईब्रेकरमा पुगेको हो।

खेलमा एल.पी. देवकोटाका मिलन थारु म्यान अफ द म्याच घोषित हुनु भयो। अर्को खेलमा ढुङ्गेसाँघु बोर्डिङ स्कुलले शान्ति निकुञ्ज बोर्डिङ स्कुललाई ३–० को गोल अन्तरले पराजित गरी अन्तिम चारमा स्थान बनाएको हो। खेलमा ढुङ्गेसाँघु बोर्डिङ स्कुलका सुबास बि.के.म्यान अफ द म्याच घोषित हुनु भयो। शुक्रबारको अन्तिम खेलमा बालोदय बोर्डिङ स्कुलले जानकी माविलाई २–० को गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा यात्रा बनाएको हो। खेलमा बालोदयका विकलेस बुड थापा म्यान अफ द म्याच घोषित हुनु भयो। आइतबार हुने फाइनल खेलसंगै प्रतियोगिता समापन हुनेछ। हिमालयन बोर्डिङ स्कुल गत वर्षको उपाधि हो। चौथो संस्करणको फाइनलमा हिमालयनले एल.पी.देवकोटा मेमोरियल स्कुललाई २-० गोल अन्तरले हराउँदै विजेता बनेको थियो। स्पाइरल ग्यालेक्सी स्कुलले गत वर्षको विजेता हिमालयन बोर्डिङ स्कुललाई टाइब्रेकरमा ५-४ गोलअन्तरले हराउँदै सेमिफाइनलमा स्थान बनाएको छ। ड्यामसाइड क्लबका अध्यक्ष रमेश प्रसाद बरालले विद्यालयस्तरबाटै प्रतिभावान खेलाडी उत्पादन गर्दै पोखराको फुटबल संस्कृतिलाई थप मजबुत बनाउन प्रतियोगितालाई निरन्तरता दिइएको बताउनुभयो।

प्रतियोगितामा वडा नम्बर १७ भित्रका १९ सामुदायिक तथा निजी विद्यालयको सहभागिता रहेको छ। छ दिनसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले नगद ३० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ।

उपविजेताले २० हजार रुपैयाँ, तेस्रो हुने टोलीले १० हजार रुपैयाँ तथा सान्त्वना स्थान हासिल गर्ने टोलीले ५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ। साथै सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर, गोलरक्षक तथा उत्कृष्ट प्रशिक्षकलाई विशेष पुरस्कार प्रदान गरिने प्रतियोगिता संयोजक विकास रानाभाटले जानकारी दिनुभयो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मुग्लिन आँबुखैरेनी सडक निर्माण सुरु गरिने

**पोखरापत्र संवाददाता**
दमौली, १५ जेठ

सरकारले मुग्लिनदेखि आँबुखैरेनी सडक निर्माण सुरु गर्ने भएको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्नुहुँदै मुग्लिनदेखि आँबुखैरेनी सडक निर्माण सुरु गर्ने उल्लेख गर्नुभयो। मुग्लिनदेखि आँबुखैरेनीसम्म सडक निर्माणका लागि गोरखातर्फबाट सडक निर्माण गर्ने योजना छ। यस खण्डमा मर्स्याङ्दी नदी पारिपट्टि गोरखा जिल्लामा कुल ४.४५६ किलोमिटर नयाँ सडक निर्माण गर्न लागिएको छ। मुग्लिनदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजारको पारिपट्टि त्रिशूली किनार (गोरखातर्फ) मर्स्याङ्दी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत् गृहको पारिपट्टिसम्म थप सडकको रेखाङ्कन गरिएको मन्त्रालयले जनाएको छ।

आँबुखैरेनीदेखि पोखरासम्म भने सडक निर्माण अन्तिम चरणमा छ। अर्थमन्त्री वाग्लेले आँबुखैरेनी पोखरा चार लेन सडक शीघ्र सम्पन्न गर्ने उल्लेख गर्नुभयो।

# सुमलकुमारको 'कर्मवीर' उपयास लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

अन्तरराष्ट्रिय नेपाली साहित्य समाज बेलायतका पूर्वध्यक्ष एवं केन्द्रीय सल्लाहकार सुमलकुमार गुरुङको साझा प्रकाशनद्वारा प्रकाशित युद्ध उपन्यास 'कर्मवीर' को शुक्रबार पोखरामा लोकर्पण गरिएको छ।

अन्तरराष्ट्रिय नेपाली साहित्य समाज गण्डकी एवं तमु सांस्कृतिक प्रतिष्ठान नेपालले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तसहित साहित्यकारले कृतिको लोकार्पण गर्नुभयो।

कार्यक्रममा सरुभक्तले विसं १९६० मा गिरिशबल्लभ जोशीद्वारा लिखित 'वीरचरित्र' नेपाली साहित्यको पहिलो मौलिक उपन्यासका रूपमा रहेको बताउँदै नेपाली उपन्यासका क्षेत्रमा हालसम्म एक हजारभन्दा बढी उपन्यास लेखिएका हुनसक्ने बताउनुभयो। बहुआयामिक व्यक्तित्व गुरुङको यो आख्यानात्मक कृति युद्ध साहित्यका



रूपमा रहेको उहाँले उल्लेख गर्नुभयो। उपन्यासको समीक्षा गर्दै साहित्यकार असफल गौतमले युद्ध उपन्यासका रूपमा कृति लेखिएको बताउँदै हाम्रा संस्कार, संस्कृति, मौलिक परम्परासँगै चालनचलनको जीवन्त चित्रण पुस्तकमा रहेको उल्लेख गर्नुभयो। वरिष्ठ साहित्यकार चन्द्रप्रकाश बानियाँले युद्ध साहित्य पाठकको रुचिको विषय हुने गरेको बताउँदै गुरुङको यो कृति पठनीय बन्ने विश्वास व्यक्त गर्नुभयो। अन्तरराष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका संस्थापक अध्यक्ष दुर्गाबहादुर शाहले बहुआयामिक व्यक्तित्व सुमलकुमारको कर्मवीर नेपाली साहित्यका क्षेत्रमा एउटा महत्वपूर्ण सम्पत्तिका रूपमा रहने बताउनुभयो। कृतिले हाम्रो समाज, परिवेश र वातावरणलाई जीवन्त चित्रण गरेको उहाँको भनाइ छ। वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले यस कृतिका माध्यमबाट गुरुङले नेपाली साहित्यलाई सीमापार गराउनुभएको धारणा राख्नुभयो। कृतिका सर्जक गुरुङले उपन्यास लेखनको पृष्ठभूमिका सम्बन्धमा जानकारी गराउनुभयो। कार्यक्रममा वरिष्ठ साहित्यकार बानियाँ, गण्डकी प्रज्ञा-प्रतिष्ठानका निवर्तमान कुलपति सूर्यबहादुर खड्का, तमु धीं नेपालका अध्यक्ष होम तमु, तमु प्ये ल्हु सङ्घका अध्यक्ष ओमबहादुर थिम्चे, तमु सांस्कृतिक परिवारका सल्लाहकार सदस्य चिजकाजी गुरुङ, गौरी तमु, कञ्चन तमु, सारादेवी गुरुङलगायतले कृतिकारको व्यक्तित्व एवं कृतिका सम्बन्धमा चर्चा गर्नुभएको थियो।

# बजेट २०८३/८४: कर क्षेत्रमा यस्ता सुधारका प्रस्ताव

**हेमन्त जोशी**
काठमाडौं, १५ जेठ/रासस

सरकारले शुक्रबार आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत राजस्वका क्षेत्रमा विभिन्न सुधारका योजना तथा कार्यक्रम अघि सारेको छ।

सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट वक्तव्य प्रस्तुत गर्दै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले कर प्रणाली, राजस्व प्रशासन, भन्सार सुधार, लगानी प्रोत्साहन तथा 'डिजिटल' अर्थतन्त्र विस्तारलाई केन्द्रमा राखेर व्यापक नीतिगत परिवर्तनको घोषणा गर्नुभयो।

व्यवसायमैत्री कर नीति, सरल र स्पष्ट कर कानुन, स्वैच्छिक कर सहभागिता तथा प्रविधिमैत्री कर प्रशासनमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्यसहित प्रस्तुत बजेटले परम्परागत राजस्व संरचनामा उल्लेखनीय पुनःसंरचना गर्ने देखिएको छ।

अर्थमन्त्री डा वाग्लेले सम्पूर्ण आर्थिक कारोबारलाई डिजिटल माध्यममा जोडेर औपचारिक अर्थतन्त्र विस्तार गर्ने नीति लिइएको बताउनुभयो । बजेट वक्तव्यअनुसार स्वचालित, प्रविधिमैत्री, सदाचारयुक्त र उत्प्रेरित कर प्रशासन विकास गरी स्वैच्छिक कर सहभागिताबाट राजस्व वृद्धि गरिनेछ । लागत परिपूरण तथा तिर्नसक्ने क्षमताका आधारमा गैरकर राजस्व परिचालन गरिने नीति पनि बजेटले अघि सारेको छ।

सूचना प्रविधि क्षेत्रलाई 'राष्ट्रको नयाँ आर्थिक इन्जिन' का रूपमा स्थापित गर्ने घोषणा गर्दै सरकारले सूचना प्रविधि सेवाको निर्यातबाट आर्जित आम्दानीमा ५० प्रतिशत कर छुट दिने व्यवस्था गरेको छ । यसैगरी, बजेट वक्तव्यमा सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिले प्राप्त गर्ने 'स्वेट इक्विटी' रकमलाई करयोग्य आय गणनाबाट शतप्रतिशत छुट दिने व्यवस्था गरिएको छ । यसलाई 'स्टार्टअप', नवप्रवर्तन र प्रविधिमा आधारित उद्यमलाई आकर्षित गर्ने प्रयासका रूपमा हेरिएको छ । स्वदेशी उत्पादन प्रवर्द्धनका लागि नेपालभित्र उत्पादन हुने केही वस्तुमा 'डोमेस्टिक प्रडक्ट प्रमोसन फी' लगाउने घोषणा गरिएको छ । नाफा कमाउने उद्देश्य नराखी स्थापना भएका मित्रराष्ट्रका पूर्ण स्वामित्वका विकास वित्त संस्थाले नेपालमा ऋण लगानी गरी आर्जन गरेको ब्याजमा आयकर नलाग्ने व्यवस्था गरिएको छ । महानगरपालिका र उपमहानगरपालिका बाहिर नयाँ चलचित्र हल स्थापना गर्नेलाई पहिलो १० वर्षसम्म पूर्ण आयकर छुट दिने नीति ल्याइएको छ । दक्षिण एसियाली व्यापार सम्झौता (साफ्टा)अन्तर्गत रहेको संवेदनशील सूची पुनरावलोकन गरिने घोषणा गर्दै सरकारले व्यापार नीतिमा पनि परिवर्तन सङ्केत गरेको छ। शिक्षा तथा स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई व्यवस्थित गर्न दुर्गम क्षेत्रमा पूर्वाधार निर्माण र सेवा विस्तारमा सहयोग पुग्ने गरी निजी क्षेत्रबाट सञ्चालित शिक्षा तथा स्वास्थ्य सेवामा न्यूनतम दरको समता शुल्क लगाइने भएको छ। ऊर्जा क्षेत्रमा अन्तिम उपभोक्तालाई बिक्री गरिने मासिक ५० युनिटभन्दा बढी विद्युत् खपतमा सहुलियत दरमा मूल्य अभिवृद्धि कर लगाइने व्यवस्था गरिएको छ।

विद्युतीय सवारीसाधनमा हाल 'पिक पावर' क्षमताका आधारमा लाग्दै आएको भन्सार महसुल अब मूल्यगत आधारमा निर्धारण हुनेछ। साथै, विद्युतीय सवारीको स्वदेशी उत्पादन, 'चार्जिङ स्टेसन' निर्माण तथा 'ब्याट्री' व्यवस्थापनका लागि 'स्वच्छ पूर्वाधार लगानी शुल्क' अर्थात् 'क्लिन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट फी' लगाइने भएको छ । मदिरा उद्योगतर्फ नेपाली 'ब्रान्ड'का मदिराको निर्यात प्रवर्द्धन गर्न 'गुड स्पिरिट' उत्पादन र 'मेचुरेसन' प्रक्रियालाई प्रोत्साहन गरिनेछ । आगामी आवदेखि 'माइक्रो ब्रुअरी'लाई मदिरा उद्योगका रूपमा दर्ता गरी अन्तःशुल्कको दायरामा ल्याइने बजेट वक्तव्यमा उल्लेख छ।

सुर्तीजन्य वस्तुमा करिब १० प्रतिशतसम्म कर वृद्धि गरिएको छ भने मदिरा तथा 'बियर'मा लाग्ने अन्तःशुल्क बढाइएको छ।

राजस्व प्रशासन सुधारतर्फ सरकारले ठूलो संरचनात्मक परिवर्तनको घोषणा गरेको छ। राजस्व अनुसन्धान विभाग खारेज गरी त्यसले गर्दै आएका काम विषयगत निकायमार्फत सञ्चालन गरिने जनाइएको छ। वार्षिक रु १० करोडभन्दा बढी कारोबार गर्ने र विद्युतीय बीजक जारी गर्ने सबै व्यवसायलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा अनिवार्य आबद्ध गरिने जनाइएको छ । साना व्यवसायीलाई डिजिटल माध्यमबाट भुक्तानी लिन प्रोत्साहित गरिने भएको छ।

बजेटमा उल्लेख भएअनुसार कर परीक्षण अवधि तीन वर्ष कायम गरिएको छ भने जोखिममा आधारित कर अनुसन्धान तथा परीक्षणका लागि कृत्रिम बौद्धिकतासहितको 'ई-असेसमेन्ट' प्रणाली विकास गरिनेछ । डिजिटल अन्तःशुल्क टिकट सुरु गरिनेछ भने अन्तःशुल्क चुहावट रोक्न विद्युतीय 'ट्याक एण्ड ट्रेस' प्रणाली लागू गरिने भएको छ।

भौतिक नियन्त्रणमा आधारित अन्तःशुल्क प्रशासनलाई क्रमशः स्वयं निष्काशन प्रणालीमा रूपान्तरण गर्ने नीति सरकारले बजेटमार्फत लिएको छ। 'पेपरलेस, फेसलेस र कन्ट्याक्टलेस' राजस्व प्रशासन निर्माण गर्ने घोषणा गर्दै अर्थमन्त्री डा वाग्लेले कर विवरण बुझाउने, भुक्तानी गर्ने, फिर्ता लिनेलगायत सेवा पूर्णतः स्वचालित बनाइने बताउनुभयो । कर्मचारीको मनोबल बढाई राजस्व परिचालन सुधार गर्न कार्यसम्पादन सूचकका आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ।

स्थानीय तहमा देखिएको बहुकर प्रणाली नियन्त्रण गर्न एक स्थानबाट अर्को स्थानमा वस्तु ढुवानी गर्दा विभिन्न स्थानीय तहले लगाउने निकासी शुल्क, कौडी करलगायत बहुकर अब लिन नपाइने व्यवस्था बजेटमा गरिएको छ । प्रदेश र स्थानीय तहको कर तिर्दा स्थायी लेखा नम्बर (प्यान) अनिवार्य गरिने भएको छ। व्यापार सहजीकरणका लागि 'अथोराइज्ड बिजनेस पर्सन' अवधारणा ल्याउने सरकारले बजेटमार्फत घोषणा गरेको छ । यसअन्तर्गत योग्य व्यवसायीले भन्सारमा 'ब्लु लेन'मार्फत छिटो जाँचपास सुविधा पाउनेछन् । कारोबार मूल्यमा आधारित 'अनलाइन' भन्सार जाँचपास प्रणालीलाई पारदर्शी र यथार्थपरक बनाइनेछ भने भन्सार जाँचपछिको परीक्षण कार्यालय पुनःसंरचना गरिने भएको छ।

पर्यटन सहजीकरणतर्फ स्थलमार्गबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई सबै मूल भन्सार कार्यालयबाट सवारीसाधनको अस्थायी पैठारी घोषणा र शुल्क भुक्तानी अनलाइनमार्फत गर्न सकिने व्यवस्था बजेटमा गरिएको छ । वैवाहिक पर्यटन प्रवर्द्धनका लागि विवाह प्रयोजनमा ल्याइने सामानको धरौटी प्रणालीलाई स्वचालित बनाइने तथा पर्यटकलाई कानुनबमोजिम तोकिएको सीमाभित्र विदेशी मुद्रा ल्याउन सहज व्यवस्था गरिने जनाइएको छ। सीमाक्षेत्रमा हुने चोरीपैठारी नियन्त्रणका लागि प्रविधिमैत्री निगरानी र संयुक्त बजार अनुगमन गरिने तथा अन्तरदेशीय भन्सार प्रशासनसँग वस्तु नेपाल आइपुग्नुअघि नै सूचना आदानप्रदान गर्ने व्यवस्था विस्तार गरिने बजेटमा उल्लेख छ । कर छुट तथा सहुलियततर्फ कृत्रिम हातखुट्टा र अपाङ्गता सहयोगी सामग्री उत्पादन गर्ने उद्योगले आयात गर्ने कच्चापदार्थमा भन्सार महसुल छुट दिइएको छ । आवासीय भवन बिमामा अधिकतम रु १० हजारसम्म आयकर प्रयोजनका लागि कट्टी गर्न पाइने व्यवस्था गरिएको छ। विकास निर्माणका लागि जग्गा अधिग्रहण गर्दा सरकारी मूल्याङ्कनसम्मको रकममा पुँजीगत लाभकर नलाग्ने नीति ल्याइएको छ । कृषि प्रशोधन उद्योगलाई पहिलो १० वर्ष पूर्ण आयकर छुट दिइने भएको छ भने 'कोल्ड स्टोरेज', 'प्याकेजिङ तथा टेस्टिङ ल्याब्सका मेसिनरी' उपकरण आयातमा मूल्य अभिवृद्धि कर छुट प्रदान गरिने भएको छ । नियमित रूपमा कर तिर्ने करदातालाई सम्मान, सहजीकरण र सरल कार्यप्रणालीमार्फत पुरस्कृत गर्ने नीति पनि बजेट वक्तव्यमा उल्लेख छ।

# मुस्ताङमा शालिग्राम मूर्ति स्थापना

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १५ जेठ



मुस्ताङमा शालिग्राम मूर्ति उद्घाटन गरिएको छ । यहाँको घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित कालीगण्डकी तटमा मूर्तिकारले कुदेको २२ फिट अग्लो विशाल मूर्ति बिहीबार साँझ धार्मिक विधिपूर्वका समुद्घाटन गरिएको हो।

मुक्तिनाथ दर्शनका लागि आउनुभएका दक्षिण भारत कर्नाटक राज्यको शृङ्गेरी शारदा पीठका पीठाधीश्वर जगदगुरु शङ्कराचार्य महास्वामी विधुशेखर भारती महाराजद्वारा विशाल शालिग्रामको समुद्घाटन गर्नुभएको हो । शालिग्राम शिलाको समुद्घाटन गरिएकाले यहाँको धार्मिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

घरपझोङ गाउँपालिका र एकीकृत सामाजिक विकास कार्यालयको संयुक्त आयोजना तथा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको समन्वयमा तीन हप्ताअघि मुस्ताङको मूर्तिकला कार्यशाला चलाइएको थियो । प्रज्ञा प्रतिष्ठानमा आबद्ध तीन दर्जन मूर्तिकारले कालीगण्डकी नदीका विशाल ढुङ्गाहरूमा विभिन्न स्वरुपमा मूर्तिका आकार भरेका थिए । सोही निर्माण गरिएका मूर्तिमध्ये कालीगण्डकी नदी तटमा निर्माण गरिएको विश्वकै ठूलो आकारको शालिग्राम शिला मूर्तिको भारतीय जगद्गुरुद्वारा धार्मिक विधिपूर्वक उद्घाटन भएको घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो।

राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग हुँदै विशेष सुरक्षा निगरानीसहित बुधबार दिउँसो मुक्तिनाथ दर्शन गर्न पुगेका भारतीय जगद्गुरु शङ्कराचार्य महास्वामी विधुशेखर भारतीसहितको टोली त्यहाँबाट फर्किएलगत्तै जोमसोममा निर्मित शालिग्राम शिलाको उद्घाटन गर्नुभएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो।

कार्यक्रममा घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचन, उपाध्यक्ष जमुना थकालीसहित पालिकाका जनप्रतिनिधि र कर्मचारी, प्रमुख जिल्ला अधिकारी अजिता शर्मासहित जिल्लास्थित चारवटै सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि, जोमसोम गाउँ समाज, महिला समूह र स्थानीय नागरिकको उल्लेख्य सहभागिता थियो । यसअघि मुक्तिनाथको दर्शन गरी जोमसोम फर्किएका जगदगुरु शङ्कराचार्य महाराजको ठूलो सङ्ख्यामा स्वागत तथा नागरिक अभिनन्दन गरिएको थियो।

भारतीय जगदगुरु शङ्कराचार्य महास्वामी विधुशेखर भारती महाराजसहितको टोलीले मुक्तिनाथ मन्दिरको दर्शन गरेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो । मन्दिरमा करिब एक घण्टा दर्शन तथा पूजाअर्चनामा बिताउनुभएका महाराजले १०८ धारा र मन्दिर परिसरको कुण्डमा स्नान गर्नुभएको व्यवस्थापक भुसालले जानकारी दिनुभयो।

नेपाल सरकार गृह मन्त्रालयको विशेष सुरक्षा व्यवस्थासहित मुस्ताङ आउनुभएका भारतीय जगदगुरु शङ्कराचार्य महास्वामी विधुशेखर भारती महाराजको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय मुस्ताङले सुरक्षा तथा ट्राफिक व्यवस्थापनमा सहजीकरण गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले उल्लेख गरेको छ।

धर्मगुरु जगदगुरु शङ्कराचार्य महास्वामी विधुशेखर भारती महाराजको आगमनले मुस्ताङको धार्मिक पर्यटन प्रवर्द्धनमा निकै ठूलो योगदान पुग्ने विश्वास गरिएको छ । मुस्ताङमा विदेशी पर्यटकको आमगनमध्ये ८० प्रतिशत पर्यटक भारतीय रहने गरेका छन् । मुक्तिनाथ दर्शनका लागि भारतीय पर्यटकको आगमन बर्सेनि वृद्धि हुने गरेको छ। अब जोमसोम निर्मि शीला उद्घाटनले थप भारतीय दर्शनार्थी बढ्ने अपेक्षा गरिएको छ।

# पौडेलले गरे श्रीमतीको स्मृतिमा अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ



पोखराका व्यवसायी देवराज पौडेल 'धुर्व'ले आफ्नी स्वर्गीय श्रीमतीको जन्मदिनमा शैक्षिक अक्षयकोष स्थापना गरेका छन्।

पोखरा १९ घार्मीको महेन्द्र माध्यमिक विद्यालयमा श्रीमती शारदा पौडेलको स्मृतिमा उनले १ लाख १५ हजार रुपैयाँको कोष स्थापना गरेका हुन् । स्वर्गीय शारदा पौडेलले २०५० साल देखि २०५७ सालसम्म सो विद्यालयमा अध्यापन गराएकी थिईन् । शुक्रबार विद्यालयमा आयोजित कार्यक्रमका बिच स्वर्गीय पौडेलका पिता हरिबहादुर कार्की,श्रीमान देवराज पौडेल र आफन्त दीपेन्द्र बस्नेतले महेन्द्र अक्षयकोषमा रहने गरी सो रकम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लेखनाथ लामिछाने,वडा सदस्य कल्पना सुनार,निमित्त प्रधानाध्यापक नन्दराज दाहाल, निवर्तमान प्रधानाध्यापक बासुदेव पौडेललाई हस्तान्तरण गरे । पौडेलका २ छोरी दिपा र दिक्षा अमेरिकामा बस्दै आईरहेका छन्।

रकम हस्तान्तरण पछि कार्यक्रममा बोल्दै कार्कीले आफ्नी छोरीले केही समय यस विद्यालयमा सेवा गरेको स्मरण गर्दै, कोष मार्फतको रकमले विद्यार्थीको शैक्षिक विकासमा सहयोग पुग्ने अपेक्षा गरे। व्यवसायी पौडेलले रकमबाट प्राप्त व्याज विपन्न वर्गका विद्यार्थीका लागि खर्च गर्न आग्रह गरे ।विद्यालयका अध्यक्ष लेखनाथ लामिछानेले बिभिन्न दाताहरुको सहयोगबाट नै विद्यालयले कोष मार्फत विद्यार्थीलाई छात्रवृति दिदैं आएको जानकारी गराए।

कोषमा हालसम्म २५ जनाले सहयोग उपलब्ध गराएको र संकलित रकम मध्ये पौडेलले सहयोग गरेको रकम सर्वाधिक रहेको विद्यालयले जनाएको छ। सो कोषमा करिब १५ लाख संकलन भएको छ।

# सगरमाथा दिवस: विश्वसामु नेपालको गौरव र हिमाली पर्यटनको

**रासस**
काठमाडौं, १५ जेठ

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको ऐतिहासिक सफलताको स्मरणमा आज यहाँ विभिन्न कार्यक्रम आयोजना गरी सगरमाथा दिवस मनाइँदैछ।

सन् १९५३ मे २९ मा न्युजिल्यान्डका पर्वतारोही एडमण्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सगरमाथाको सफल आरोहण गर्नुभएको दिनको सम्झनामा हरेक वर्ष यो दिवस मनाउने गरिन्छ।

सगरमाथा नेपालका लागि केवल हिमाल मात्र नभई राष्ट्रिय गौरव, पर्यटन विकास र अन्तरराष्ट्रिय पहिचानको प्रतीकका रूपमा स्थापित छ । पर्यटन विभागका अनुसार आठ हजारभन्दा बढीले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । विश्वका १४ वटा अग्ला हिमालमध्ये आठ वटा नेपालमा छन्।

सन् २०२१ मा नेपाल र चीनले संयुक्त रूपमा गरेको पुनःमापनअनुसार सगरमाथाको उचाइ आठ हजार ८४८ दशमलव ८६ मिटर निर्धारण भएको छ।

यस दिवसका अवसरमा सरकारी निकाय, पर्यटन व्यवसायी, पर्वतारोहणसम्बन्धी सङ्घसंस्था तथा स्थानीय तहले हिमाली पर्यटन, सुरक्षित पर्वतारोहण र वातावरण संरक्षणसम्बन्धी कार्यक्रम आयोजना गरेका छन्।

जलवायु परिवर्तनका कारण हिमाल क्षेत्रमा हिउँ पग्लिने, हिमतालको जोखिम बढ्ने तथा वातावरणीय प्रभाव देखिन थालेकाले हिमाल संरक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने सरोकारवालाले बताएका छन्।

पर्वतीय पर्यटन नेपालको अर्थतन्त्र, रोजगारी र विदेशी मुद्रा आर्जनको महत्वपूर्ण आधार मानिन्छ । प्रत्येक वर्ष विश्वका विभिन्न मुलुकबाट हजारौँ पर्यटक तथा पर्वतारोही नेपाल आउने गरेका छन्।

सगरमाथा आरोहणले नेपाललाई विश्व पर्यटन नक्सामा विशेष पहिचान दिलाउन महत्वपूर्ण योगदान पुऱ्याएको मानिन्छ । यस अवसरमा नेपाल पर्वतारोहण सङ्घले हिमाली क्षेत्रको दिगो संरक्षण, स्वच्छता, सुरक्षित आरोहण र स्थानीय समुदायको जीवनशैली जोगाउन सबै पक्षको साझा प्रयास आवश्यक भएको जनाएको छ।

# देशभर ३२ हजार ३२५ सहकारी, शेयर पुँजी एक खर्ब ४३ अर्ब २९ करोड

**रासस**
काठमाडौं, १५ जेठ

अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८२/२०८३ को आर्थिक सर्वेक्षणमा २०८२ फागुन मसान्तसम्म देशभर दर्ता भएका सहकारीको सङ्ख्या ३२ हजार ३२५ पुगेको उल्लेख छ।

सहकारी क्षेत्रमा रु १० खर्ब २९ अर्ब ५७ करोड बचत परिचालन भएको छ भने ८२ हजार २१६ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन्।

सहकारीसम्बन्धी एकीकृत तथ्याङ्कको लागि विकास गरिएको सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) मा २०८२ फागुन मसान्तसम्म १९ हजार ९०३ सहकारी आबद्ध भएका छन्। कोपोमिसमा २०८१ असार मसान्तसम्म १८ हजार ८९७ सहकारी आबद्ध भएका थिए।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले नेपालको सहकारी क्षेत्रको नियमन गर्दै ८३४ सहकारी संस्थालाई सञ्चालन इजाजतपत्र प्रदान गरेको छ।

सङ्घीय सरकारबाट समस्याग्रस्त घोषित २३ सहकारी संस्थामध्ये तीन संस्था राफसाफ भएको छ। बाँकी २० सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी हुन बाँकी छ।

हालसम्म विभिन्न चरणमा कूल ८० हजार ८७ दाबीकर्ताको रु ४७ अर्ब ६० करोड १३ लाख माग दाबी दर्ता भएको छ।

हालसम्म तीन हजार ६८८ दाबीकर्तालाई पूर्ण रुपमा कूल रु दुई अर्ब ५४ करोड ६८ लाख माग दाबी भुक्तान गरिएको छ। साथै चालु आर्थिक वर्षको फागुनसम्म आठ हजार ७६३ दाबीकर्तालाई रु १२ करोड २३ लाख रकम फिर्ता गरिएको सर्वेक्षणमा उल्लेख छ।

# बुटवल-पोखरा खण्डलाई द्रुतमार्ग बनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

सरकारले सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्ड द्रुतमार्गका रूपमा निर्माण सुरु गर्ने भएको छ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/०८४ को बजेट सङ्घीय संसद्को संयुक्त बैठकमा आज प्रस्तुत गर्दै उक्त कुरा बताउनुभएको हो । उहाँले आगामी आर्थिक वर्षभित्रमा सिद्धबाबा सुरुङमार्गको काम सम्पन्न हुने बताउनुभयो।

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनीदेखि पोखरासम्मको चारलेन सडक निर्माण शीघ्र रूपमा सम्पन्न हुने बजेटमा उल्लेख छ । मुग्लिङ-आँबुखैरेनी खण्डको निर्माण सुरु गर्ने अर्थमन्त्री डा वाग्लेले बताउनुभयो।

नागढुङ्गा-मुग्लिङ खण्डअन्तर्गत ४० किलोमिटर सडक स्तरोन्नति हुने र नागढुङ्गा सुरुङमार्ग आगामी साउनदेखि सञ्चालनमा ल्याउने उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले यी सडकखण्डको लागि रु छ अर्ब ५५ करोड विनियोजन गरेको बताउनुभयो।